# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६) काठमाण्डौ मंसीर २३ गते २०५३ साल (अतिरिक्ताङ्क ४३


## भाग ३

## निर्वाचन आयोगको सूचना

### निर्वाचन आचार संहिता
### २०५३

निर्वाचन आयोग ऐन, २०४७ को दफा २४क ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो आचार संहिता बनाएको छ ।

निर्वाचन निष्पक्ष, स्वतन्त्र र धाँधलीरहित हुनका लागि यसलाई कम खर्चिलो, अनुचित प्रतिस्पर्धा तथा सत्ता दुरुपयोगबाट मुक्त र तडक भडक विहीन बनाउनुको साथै जनसाधारणको सामान्य जीवन एवं अधिकारमा खलल नपर्ने गरी संचालन गर्नु वान्छनीय छ । यस उद्देश्य पूर्तिको लागि निर्वाचन आयोगको अतिरिक्त राजनैतिक दलहरु, स्वतन्त्र उम्मेदवारहरु, श्री ५ को सरकार र सरकारी तथा अर्ध-सरकारी निकायहरुको महत्वपूर्ण उत्तरदायित्व छ । अत: निर्वाचनको संचालन एवं प्रचार प्रसार स्वस्थ एवं मर्यादितरुपमा गर्न गराउन श्री ५ को सरकार र राजनैतिक दलहरुसंग समेत छलफल गरी यो आचार संहिता तयार गरिएको छ ।

यस आचार संहितालाई पालन गर्नु श्री ५ को सरकार, सम्वन्धित सरकारी तथा अर्धसरकारी निकायका पदाधिकारीहरु, सबै राजनैतिक दलहरु एवं राजनैतिक दलका तर्फबाट वा स्वतन्त्ररुपमा खडा हुने उम्मेदवार समेतको कर्तव्य हुनेछ ।

यो आचार संहिता निर्वाचन मितिको घोषणा भएपछि लागू हुनेछ ।

क. **राजनैतिक दल तथा उम्मेदवारहरुले पालना गर्नुपर्ने आचरण**

राजनैतिक दलहरु, राजनैतिक दलका उम्मेदवारहरु तथा स्वतन्त्र उम्मेदवारहरुले निर्वाचन अभियान संचालन गर्दा निम्नलिखित आचरणहरु पालन गर्नु गराउनु पर्दछ :-

६२३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. नेपालको राष्ट्रियता, स्वतन्त्रता, अखण्डता र सार्वभौमिकता माथि आघात पर्नेगरी तथा बहुदलीय प्रजातन्त्र, संसदीय शासन प्रणाली र संवैधानिक राजतन्त्रको प्रतिकूल हुने गरी प्रचार प्रसार गर्नु गराउनु हुँदैन ।

२. जात, जाति, समुदाय, धर्म वा सम्प्रदायको बीच आपसमा घृणा, द्वेष, अवहेलना र वैमनस्य उत्पन्न हुने गरी प्रचार प्रसार गर्नु हुँदैन । साथै धर्म, जाति, सम्प्रदाय वा भाषाको आधारमा मतदान गर्न मतदाताहरुलाई प्रेरित गर्नु हुँदैन ।

३. उम्मेदवारको वा निजको परिवारका सदस्यको चरित्र हत्या हुने गरी प्रचार प्रसार गर्नु गराउनु हुँदैन ।

४. कुनै पनि राजनैतिक दल वा उम्मेदवारले एक अर्काको प्रजातान्त्रिक अधिकार हनन गर्नु हुँदैन र प्रचार प्रसारको सन्दर्भमा प्रयोग गरिने भाषा अशिष्ट एवं असंयमित हुनुहुँदैन ।

५. मतदानको दिनभन्दा ४८ घण्टा अघिदेखि मतदानको काम पूरा नभएसम्म कुनै राजनैतिक दल वा उम्मेदवारले जुलुस निकाल्न, नारा लगाउन वा अन्य कुनै पनि प्रकारको प्रचार प्रसार गर्नु गराउनु हुँदैन ।

६. कुनै पनि धार्मिक, पुरातात्विक वा ऐतिहासिक भवन, स्मारक स्थल वा यस्तै अन्य स्थानहरुमा कुनै पोष्टर, पम्प्लेट वा पर्चा टाँस्न र इनामेल वा अन्य रङ्ग वा पदार्थले लेख्नु हुँदैन र अन्य कसैलाई लेख्न लगाउन पनि हुँदैन ।

७. कसैको निजी घर, पसल, पर्खाल वा यस्तै अन्य स्थानहरुमा घर धनीको स्वीकृति नलिई कुनै पोष्टर, पम्प्लेट वा पर्चा टाँस्न वा इनामेल वा अन्य रङ्ग वा पदार्थले लेख्नु हुँदैन र अन्य कसैलाई लेख्न लगाउन हुँदैन । आयोगले आवश्यक देखेमा त्यस्तो स्वीकृति हेर्न सक्नेछ । साथै कुनै एउटा राजनैतिक दल वा उम्मेदवारले टाँसेको पोष्टर वा पर्चा वा निर्वाचन चिन्हलाई अर्को राजनैतिक दल वा उम्मेदवारको तर्फबाट उप्काउन, च्यात्न वा त्यसमाथि आफ्नो पोष्टर टाँस्न वा लेख्न लगाउन हुँदैन । निर्वाचन सम्पन्न भएपछि यस्ता पोष्टर, पर्चा वा राजनैतिक दलका चिन्हहरु सम्बन्धित राजनैतिक दल वा उम्मेदवारले सफा गर्नु पर्नेछ ।

८. निर्वाचन आयोगद्वारा वितरित निर्वाचनसम्बन्धी प्रचार सामग्री वा सूचनालाई कसैले पनि बिगार्न, नास्न, केरमेट गर्न वा अन्य कुनै किसिमबाट थपघट गर्न गराउन हुँदैन ।

९. तुल वा अन्य कुनै प्रकारको कपडा प्रयोग गरी प्रचार प्रसार गर्न गराउन हुँदैन ।

१०. प्रचारको कममा बढीमा ६० ग्रामसम्मको कागजमा बढीमा ६"X१०" साइजको पर्चा र १८"X२२" साइजको पोष्टर मात्र प्रयोग गर्न पाइनेछ । यस्तो पोष्टर र पर्चा एक रङ्गमा मात्र छपाउनु पर्नेछ र प्रत्येक पोष्टर र पर्चामा मुद्रकको नाम र ठेगाना अनिवार्यरुपमा उल्लेख हुनुपर्नेछ ।

११. बस, ट्रक, कार, ट्र्याक्टर आदिमध्ये एक उम्मेदवारले एक क्षेत्रमा बढीमा जम्मा तिनवटा सवारी साधनभन्दा बढी प्रयोग गर्न पाउने छैन । त्यसै गरी एक उम्मेदवारले एक क्षेत्रमा लाउड स्पीकर तीनवटा भन्दा बढी प्रयोग गर्न पाउने छैन ।

६२०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. लाउड स्पीकर, रेडियो, क्यासेट वा अन्य यस्तै ध्वनिविस्तारक वस्तु प्रयोग गर्दा अरुलाई बाधा विरोध वा सार्वजनिक शान्तिमा खलल पर्ने गरी गर्न हुँदैन । त्यस्तो प्रयोग बिहान ७ बजेदेखि साँझ ९ बजेसम्म बाहेक अन्य समयमा गर्न पाईने छैन । यस्तो ध्वनिविस्तारक वस्तु प्रयोग गर्दा सभा बाहेक एउटै ठाउँमा निरन्तररुपमा पनि गर्न पाईने छैन ।

१३. आमसभा, जनसभा, कोणसभा र जुलुस समेत बिहान ७ बजेदेखि साँझ ९ बजेसम्म बाहेक अरु समयमा गर्न पाईने छैन । मसाल जुलुस र हातहतियारले सुसज्जित कुनै पनि जुलुस निकाल्न पाईने छैन ।

१४. कुनै पक्षबाट जुलुस, ऱ्याली वा आमसभा गर्दा गराउँदा स्थानीय प्रशासनसंग सम्पर्क वा जानकारी गराउनु पर्ने छ ।

१५. निर्वाचनसंग सम्बद्ध कर्मचारी तथा शान्ति सुरक्षासम्बन्धी अधिकारीहरुलाई आफ्नो कर्तव्य पालन गर्न आवश्यक सहयोग तथा सघाउ पुऱ्याउनु सबैको कर्तव्य हुनाले कसैले पनि कुनै किसिमको डर, त्रास, धम्की दिई वा बल प्रयोग गरी वा प्रलोभन दिई तिनीहरुलाई आफ्नो कर्तव्य पालन गर्नबाट विचलित गर्नु गराउनु हुँदैन ।

१६. कसैले पनि मतदातालाई डर, धाक, धम्की वा त्रास वा प्रलोभन वा धर्म भकाउने जस्तो कामगरी निजको इच्छा विपरीत मतदान गर्न बाध्य गर्नु गराउनु हुँदैन ।

१७. मतदानकेन्द्र तोकिएको स्थान र त्यसको वरिपरि कुनै कुरा टाँस्नु वा टाँस्न लगाउनु वा लेख्नु वा लेख्न लगाउनु समेत हुँदैन । यदि यस्तो प्रचार प्रसारको सामग्रीहरु भएमा सम्वन्धित उम्मेदवारले मतदान हुनुअगाडि हटाउनु पर्नेछ ।

१८. मतदाताहरुलाई मतदान गर्नबाट वञ्चित गराउने अभिप्रायले कुनै पनि किसिमको अवरोध वा थुनछेक गर्नु गराउनु हुँदैन ।

१९. कुनै पनि उम्मेदवारले वा निजका प्रतिनिधि वा कार्यकर्ताले वा कुनै व्यक्तिले बल प्रयोग गरी वा डर, त्रास देखाई वा धम्की दिई वा प्रलोभन दिई मतदान केन्द्र वा उप-केन्द्र आफ्नो कब्जामा लिनु वा मतपत्र वा मतपेटिका वा मतदान सामग्री जवर्जस्ती हत्याउनु वा खोस्नु, नास्नु वा बिगार्नु हुँदैन ।

२०. कुनै पनि राजनैतिक दल वा उम्मेदवारले मनोनयनपत्र दाखिला गर्नको निमित्त जुलुस लिएर जाँदा निर्वाचन अधिकृतले तोकेको क्षेत्रभित्र जुलुश लिएर जान हुँदैन ।

२१. साईकल बाहेक ट्रक, ट्रयाक्टर, वस, रिक्सा, मोटर, कार र मोटरसाईकल ऱ्याली गर्नु गराउनु हुँदैन ।

२२. मतदानको दिन मतदाताहरुलाई वस, ट्रक, जीप वा अन्य कुनै सवारी साधनबाट ओसार पसार गर्नु गराउनु हुँदैन ।

२३. मतदानको दिन प्रत्येक उम्मेदवारले एउटाभन्दा वढी सवारी साधन प्रयोग गर्नु गराउनु हुँदैन ।

२४. कुनै पनि राजनैतिक दल वा उम्मेदवारले मतदातालाई प्रभाव पार्ने उद्देश्यले भोज भत्तेरको आयोजना गर्नु गराउनु हुँदैन ।

६२१



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२५. मतदान कार्य तथा मतगणना समेत बिनाअवरोध सबै ठाउँमा निर्बाधरुपमा संचालन हुन दिनुपर्छ र त्यसको लागि जो चाहिने उपयुक्त वातावरणको सिर्जना गरिदिनु सबैको कर्तव्य हुनेछ ।

२६. कुनै पनि राजनैतिक दल वा उम्मेदवारहरुले आफ्नो कार्यकर्ता वा समर्थकहरुलाई निर्वाचनसम्वन्धी आचार संहिताको पूर्णरुपमा जानकारी दिई सोको पालन गर्न गराउन लगाउनुपर्नेछ । यसको जिम्मेवारी सम्बन्धित उम्मेदवारले लिनु पर्नेछ ।

२७. कुनै पनि उम्मेदवारले निर्वाचनको क्रममा निर्वाचनसम्बन्धी ऐन, नियम, आदेश तथा निर्देशिकाका साथै निर्वाचन (अपराध र सजाय) ऐन, २०४७ मा भएका व्यवस्थाहरुलाई पूर्णरुपमा पालन गर्नु गराउनु पर्दछ ।

## ख. निर्वाचन खर्च

राजनैतिक दलहरु, राजनैतिक दलका उम्मेदवारहरु र स्वतन्त्र उम्मेदवारहरुले निर्वाचन अभियान संचालन गर्दा गरिने खर्चका सम्बन्धमा निम्नलिखित आचरण पालना गर्नुगराउनु पर्दछः-

१. निर्वाचनसम्बन्धी कार्यमा खर्चगर्दा आयोगवाट निर्धारित सीमाभित्र रही खर्च गर्नुपर्छ । सो प्रयोजनको लागि आयोगवाट निर्धारित परिशिष्ट (क) को ढाँचामा सवै खर्च दुरुस्त देखिने गरी विवरण राख्नु पर्नेछ । त्यस्तो विवरण उम्मेदवार वा निजको प्रतिनिधिले प्रत्येक १५ (पन्ध्र) दिनको अवधिको तीन दिनभित्र तोकिएको अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

२. मतदाताको संख्या, भौगोलिक क्षेत्रको दुर्गमता, साधन र स्रोत आदिको आधारमा निर्वाचन खर्च सीमाको प्रयोजनकालागि अधिराज्यका जिल्लाहरुलाई परिशिष्ट (ख) अनुसार चार समूहमा वर्गीकरण गरिएको छ ।

३. निर्वाचन प्रचार प्रसारको क्रममा प्रयोग गरिने सवारीको साधनहरु तथा अन्य विस्तृत खर्चका शीर्षकहरुको सम्बन्धमा परिशिष्ट (ग) मा आयोगद्वारा तोकिएको दररेटको आधारमा हिसाव राख्नु पर्नेछ ।

४. प्रत्येक उम्मेदवारले निर्वाचनको कार्यमा स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा मात्र खर्च गर्नु गराउनु पर्नेछ । सो हिसाबको फाँटवारी आयोगले तोकेको संस्था निकाय वा व्यक्तिवाट हेर्न वा जाँच्न लगाउन सक्नेछ ।

५. निर्वाचन खर्चको हिसाव पेशगर्दा उम्मेदवारको लागि आ-आफ्ना राजनैतिक दल वा अन्यत्रवाट गरिएको खर्च पनि देखाउनु पर्नेछ । यस्तो खर्च पनि निर्वाचन खर्चको अधिकतम हदभित्र समावेश गरिनेछ ।

६. राजनैतिक दलहरुले आफ्ना उम्मेदवारको सम्बन्धमा गरेको खर्चको विवरण राख्नुपर्नेछ र आयोगलाई उपलब्ध गराउनु पर्नेछ ।

७. आचार संहिता विपरीत तुल टाँग्ने, ईनामेल वा अन्य कुनै रङबाट भित्ता वा पर्खालमा लेख्ने वा पर्चा पम्प्लेट टाँस्ने गरेमा सो हटाउन वा मेटाउनका लागि निर्वाचन अधिकृतले सम्बन्धित व्यक्तिलाई आदेश दिन सक्नेछ । सम्बन्धित व्यक्तिले सो मेटाउने वा हटाउने काम नगरेमा स्थानीय प्रशासनले हटाउन वा मेटाउन लगाउने छ र त्यसमा लागेको खर्च आयोगवाट तोकिएको अधिकारीलाई उपलब्ध गराउनु पर्नेछ । त्यस्तो खर्च निजको निर्वाचन खर्चमा गणना गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ग. **श्री ५ को सरकारले पालना गर्नुपर्ने आचरण**

**(अ) आम संचार**

श्री ५ को सरकार अन्तर्गत रहेका आम संचार (श्रव्य, दृश्य तथा मुद्रण) का माध्यमहरुद्वारा आ-आफ्नो कार्यक्रमहरु संचालन गर्दा देहाय बमोजिम गर्नु पर्दछ :-

१. कुनै पनि राजनैतिक दल वा उम्मेदवारप्रति कुनै किसिमको पूर्वाग्रह नराखी पूर्णतया निष्पक्ष एवं संयमित रुपमा संचालन गर्नुपर्दछ । उम्मेदवार खडा गरेका राजनैतिक दलहरुलाई मतदाता समक्ष आफ्नो दलको नीति, कार्यक्रम र विचार राख्ने अवसर उपलब्ध गराउँदा स्पष्ट र न्यायोचित मापदण्डको आधारमा गर्नुपर्दछ ।

२. मतदाताहरुलाई निर्धक्क भएर भोट दिन प्रोत्साहित गर्ने खालका श्रव्यदृश्य तथा लेख्य सामग्री यथाशक्य बढी मात्रामा प्रचार प्रसार गर्नुपर्दछ ।

३. धर्म, सम्प्रदाय, क्षेत्र, जात, जाति वा भाषागत आधारमा मतदातालाई प्रभावित पार्ने खालको वा जनमानसमा हिंसा, उत्तेजना, आतंक, वैमनष्य र भ्रम फैलाउने खालका सामग्रीहरु प्रचार प्रसार गर्नु गराउनु हुँदैन ।

४. समाचार संकलन गर्दा, सम्पादन गर्दा, समाचारको शीर्षक राख्दा, चित्र वा कार्टून प्रकाशित गर्दा वा सम्पादकीय, प्रतिक्रिया, रिपोर्ट, वृतान्त, छलफल, विश्लेपण, व्यक्तिगत लेख, प्रश्नोत्तर र यस्तै अन्य श्रव्य दृश्य लेख्य सामग्रीहरु प्रचार प्रसार गर्दा कुनै राजनैतिक दल वा उम्मेदवारको पक्षमा मतदातालाई प्रभावित गर्ने किसिमबाट गर्नु गराउनु हुँदैन । कार्यक्रम संयोजकले तटस्थ भूमिका निर्वाह गर्नुपर्दछ ।

५. प्रकरण ४ मा उल्लेखित सामग्रीहरुको क्यासेट वा प्रति सम्बन्धित निकायले सुरक्षित राख्नु पर्ने छ र आयोगबाट माग भएमा त्यस्तो सामग्रीको क्यासेट वा प्रति उपलब्ध गराउनु पर्नेछ ।

**(आ) अन्य सरकारी नीति, कार्यक्रम, साधन र सेवा**

१. कुनै पनि योजनाको शिलान्यास गर्ने वा उद्घाटन गर्ने, नयाँ योजना वा कार्यक्रम स्वीकृत गर्ने, शुरु गर्ने, सर्वेक्षण गर्ने, अध्ययन गर्ने वा अनुदान दिने जस्ता कार्यहरु गर्नु गराउनु हुँदैन ।

२. श्री ५ को सरकारका कर्मचारीहरु र श्री ५ को सरकारको स्वामित्वमा रहेका संस्था, संस्थान वा समितिका कर्मचारीहरुलाई श्री ५ को सरकार वा अख्तियारवाला कुनै पनि पदाधिकारीले कुनै राजनैतिक दल वा उम्मेदवारको पक्षको प्रचार प्रसारको काममा वा निर्वाचनको परिणाममा प्रभाव पार्ने खालको काममा प्रयोग गर्नु गराउनु हुँदैन ।

३. श्री ५ सरकार, श्री ५ को सरकारको स्वामित्वमा रहेका संस्था, संस्थान वा समिति र अन्य स्वशासित संस्था अन्तर्गतका सवारी साधनहरु, अन्य साधनहरु वा सम्पत्तिलाई राजनैतिक दल वा उम्मेदवारको काममा प्रयोग गर्नु गराउनु हुँदैन ।

४. श्री ५ को सरकार, श्री ५ को सरकारको स्वामित्वमा रहेका संस्था, संस्थान वा समिति र अन्य स्वशासित संस्थाहरुको भवन, अतिथि गृह, चौर, खेलमैदान, सभागृह वा त्यस्तै अन्य साधन र सुविधालाई कुनै राजनैतिक दल वा उम्मेदवारलाई र राजनैतिक दल वा उम्मेदवारको प्रचार प्रसारमा संलग्न व्यक्तिलाई समेत प्रयोग गर्न दिनु हुदैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. श्री ५ को सरकारको मन्त्री वा सल्लाहकारहरुले प्रयोग गर्ने सरकारी सवारी साधन, अन्य साधन, स्रोत र सहुलियत राजनैतिक दल वा उम्मेदवारको प्रचार प्रसारको काममा प्रयोग गर्नु गराउनु हुँदैन ।

तर, प्रधानमन्त्रीको पदीय दायित्व र सुरक्षालाई दृष्टिगत गरी निजको भ्रमणको सिलसिलामा प्रयोग हुने सरकारी सवारी साधनको हकमा यो बन्देज लागू हुने छैन । यस्तो सवारी साधनमा निर्वाचन प्रचार प्रसारमा संलग्न राजनैतिक दलका व्यक्तिहरुलाई समावेश गरिनु हुँदैन ।

६. निर्वाचनको मिति घोषणा भएपछि निर्वाचनको काममा बाधा पर्ने भएमा आयोगको स्वीकृति लिएर वाहेक कुनै पनि रिक्त पदमा नियुक्ति वा सरुवा गर्न वा काज खटाउन हुँदैन । साथै नयाँ पदको सृजना गर्न वा तलव भत्ता वृद्धि गर्ने वा ग्रेड, पुरस्कार वा यस्तै अन्य सुविधा र सहुलियत प्रदान गर्नहुँदैन ।

७. मतदानको ३ दिनअगाडि र ३ दिनपछाडिसम्म मादक पदार्थको बिक्रि वितरण र सेवनमा रोक लगाउनु पर्नेछ ।

घ. विविध

१. आचार संहिताको पालना भएको छ छैन तत् सम्वन्धमा आयोगले आवश्यकता अनुसार जाँचवूझ र अनुगमन गर्न गराउन सक्नेछ ।

२. आचार संहिता उल्लंघन भएको देखिए, वुझिए वा सुनिएमा सम्वन्धित निर्वाचन अधिकृतले त्यस्तो कार्यको तुरुन्त रोकथाम गर्नु पर्नेछ । यसका लागि स्थानीय प्रशासन र स्थानीय प्रहरीवाट आवश्यकता अनुसार सहयोग लिन सकिनेछ र सहयोग दिनु स्थानीय प्रशासन र प्रहरीको कर्तव्य हुनेछ ।

३. आचार संहिता उल्लंघन भएको देखिए वा पाइएमा स्थानीय प्रशासन वा प्रहरी स्वयंले पनि तत्कालै आवश्यक कारवाही गरी रोकथाम गर्नु पर्नेछ र यसको जानकारी निर्वाचन अधिकृतलाई दिनु पर्नेछ । रोकथाम गर्न नमानेमा प्रशासन वा प्रहरीले प्रचलित कानून वमोजिम कारवाही गरी निर्वाचन अधिकृतलाई जानकारी गराउनु पर्नेछ ।

४. प्रकरण ३ वमोजिम प्राप्त भएका विवरणहरु निर्वाचन अधिकृतले निर्वाचन आयोगमा तुरुन्त पठाउनु पर्नेछ ।

५. उप-निर्वाचन सन्दर्भमा यो आचार संहिता उप-निर्वाचन हुने निर्वाचन क्षेत्रको सम्वन्धमा मात्र लागू हुनेछ ।

∞∞∞

६३४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आचार संहिता, परिशिष्ट (क)

## निर्वाचनआयोग

.......................जिल्ला

## निर्वाचन खर्च सम्बन्धी विवरण

उम्मेदवारको नामः-..........................

निर्वाचन क्षेत्र नं. :- .....

राजनैतिक दलको नाम : ......................................... / स्वतन्त्र

उम्मेदवार वा निजको प्रतिनिधिले भर्नु पर्ने खर्चको फाँटवारी

(निर्वाचन आयोगले तोकेको खर्चको सीमा रु................)

| क्र. | खर्चको शीर्षक | पहिलो पन्ध्र दिनको खर्च | दोश्रो पन्ध्र दिनको खर्च | पाचौ हप्ताको खर्च | जम्मा रकम | संलग्न बिल भरपाई | रकम पाउनेको नाम | दलबाट प्राप्त सहयोग | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | मतदाता नामावली (क) व्यक्तिगत | | | | | | | | |
| | (ख) दलबाट | | | | | | | | |
| २ | सवारी साधन प्रयोगको विवरण | | | | | | | | |
| | क) भाडामा लिएको | | | | | | | | |
| | १. गाडी नं. ........./ घोडा ... | | | | | | | | |
| | २. गाडी नं. ........./ घोडा ...... | | | | | | | | |
| | ३. गाडी नं. ........./ घोडा ...... | | | | | | | | |
| | ख) निजी भएको | | | | | | | | |
| | १. गाडी नं. ........./ घोडा ... | | | | | | | | |
| | २. गाडी नं. ........./ घोडा ...... | | | | | | | | |
| | ३. गाडी नं. ........./ घोडा ...... | | | | | | | | |
| ३ | अन्य सवारी साधन | | | | | | | | |
| | क) मोटरसाइकल संख्या............ | | | | | | | | |
| | ख) अटो रिक्सा संख्या ....... | | | | | | | | |
| | ग) रिक्सा संख्या ............. | | | | | | | | |
| ४ | ईन्धन आदि | | | | | | | | |
| | क) पेट्रोल/डिजेल लिटर........... | | | | | | | | |
| | ख) मोबिल लिटर ......... | | | | | | | | |
| | ग) मर्मत खर्च | | | | | | | | |
| ५ | घोडाकोदाना | | | | | | | | |
| ६ | मुद्रित सामानः(क) पर्चा संख्या .... | | | | | | | | |
| | (ख) पोष्टरको संख्या .. | | | | | | | | |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | लाउडस्पिकर | | | | | | | | |
| | क) भाडामा लिएको संख्या ..... | | | | | | | | |
| | ख) आफ्नो निजी प्रयोग भएको संख्या ... | | | | | | | | |
| | (ग) ह्याण्ड स्पीकर/मेगाफोन संख्या ... | | | | | | | | |
| ८ | आमसभा,गोष्ठी संचालन खर्च | | | | | | | | |
| ९ | कार्यकर्ता, कार्यालय संचालन खर्च | | | | | | | | |
| १० | बुथ खर्च | | | | | | | | |
| ११ | ढुवानी खर्च | | | | | | | | |
| १२ | विविध खर्च | | | | | | | | |
| | पहिलो पन्ध्र दिनको खर्च रु:- | | | | | | | | |
| | | दोश्रो पन्ध्र दिनको खर्च रु:- | | | | | | | |
| | | | पाँचौ हप्ताको खर्च रु:- | | | | | | |

हिसाव हेर्ने व्यक्तिको नाम:

विवरण बुझाउने उम्मेदवार वा

प्रतिनिधिकोनाम:......................

दस्तखत:......................

मिति:.......... ......

जम्मा खर्च रु.

खर्च गर्न बाँकी रु.

दस्तखत:

मिति:

द्रष्टव्य:-

(१) विदेशबाट झिकाएको भन्सार तिरेको बील वा रसिद वा भन्सार छुट भएमा प्रज्ञापनपत्रको नक्कल समावेश हुनुपर्दछ ।

(२) खर्चमध्ये कसैलाई भुक्तानी दिन बाँकी भए रकम र पाउनेको नाम कैफियतमा खुलाउनु पर्दछ ।

३) प्रत्येक पहिलो र दोश्रो पाक्षिक विवरण अवधि व्यतित भएको ३ (तिन) दिन भित्र र पाचौ हप्ताको अन्तिम विवरण निर्वाचन समाप्त भएको ३ (तिन) दिनभित्र फाटवारी दाखला गर्नुपर्दछ ।

मुद्रण विभाग, सिंहदरबार



६२५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## निर्वाचन आयोग

आचार संहिता परिशिष्ट (ख)

(क) **उपत्यकामा पर्ने जिल्लाहरु:**

काठमाडौं, ललितपुर, भक्तपुर - ३ जिल्ला

(ख) **तराई क्षेत्रमा पर्ने जिल्लाहरु:**

झापा, मोरङ, सुनसरी, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, चितवन, नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ, सुर्खेत, बाँके, वर्दिया, कैलाली, कन्चनपुर । - २१ जिल्ला

(ग) **पहाडी क्षेत्रमा पर्ने जिल्लाहरु:**

ताप्लेजुङ, पाँचथर, इलाम, संखुवासभा, तेह्रथुम, भोजपुर, धनकुटा, सोलुखुम्वु, खोटाङ, ओखलढुंगा, उदयपुर, दोलखा, रामेछाप, सिन्धुली, धादिङ, नुवाकोट, रसुवा, काभ्रे, सिन्धुपाल्चोक, मकवानपुर, गोरखा, लम्जुङ, कास्की, गुल्मी, पाल्पा, अर्घाखाँची, म्याग्दी, वाग्लुङ, पर्वत, रुकुम, रोल्पा, प्युठान, सल्यान, जाजरकोट, दैलेख, वाजुरा, अछाम, बझाङ, डोटी, दार्चुला, बैतडी, डडेलधुरा, तनहूँ, स्याङ्जान । -- ४४ जिल्ला

(घ) **हिमाली क्षेत्रमा पर्ने जिल्लाहरु:**

मनाङ, मुस्ताङ, डोल्पा, मुगु, जुम्ला, कालिकोट, हुम्ला । -- ७ जिल्ला



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## निर्वाचन आयोग

आचार संहिता, परिशिष्ट (ग)

### खर्चको सीमाको विस्तृत विवरण

| | शीर्षक | क वर्ग | ख वर्ग | ग वर्ग | घ वर्ग |
|---|---|---|---|---|---|
| १ | मतदाता नामावली खरीद | १५००/ | १५००/ | १५००/ | १५००/ |
| २ | सवारी साधन | १६२०००/ | १४५५००/ | ८७५००/* | ६१५००/* |
| ३ | लाउडस्पीकर | २१०००/ | १८०००/ | १५०००/ | ११०००/ |
| ४ | पोष्टर (वढीमा १०,००० प्रतिमात्र ) | ११०००/ | ८०००/ | ६५००/ | ३५००/ |
| ५ | पर्चा (वढीमा १०,००० प्रतिमात्र ) | ४५००/ | ४०००/ | ३५००/ | २५००/ |
| ६ | ढुवानी | - | - | १००००/ | १२०००/ |
| ७ | आमसभा, गोष्ठी | २५०००/ | २००००/ | १५०००/ | १००००/ |
| ८ | कार्यकर्ता/कार्यालय संचालन | २००००/ | १५०००/ | १००००/ | ५०००/ |
| ९ | वुथ खर्च, | २००००/ | १५०००/ | १००००/ | ५०००/ |
| १० | विविध | १००००/ | ८०००/ | ६०००/ | ३०००/ |
| | जम्मा : | २७५०००/ | २३५०००/ | १६५०००/ | ११५०००/ |

घ* वर्गको लागि घोडाको खर्च मात्र तथा ग* वर्गको लागि घोडा अतिरिक्त रु. २५,००० अन्य सवारी साधनको लागि पनि समावेश गरिएको छ ।

### आयोगले तोकेको दर रेट

| | | | प्रति इकाई न्यूनतम दररेट प्रतिदिन रु |
|---|---|---|---|
| **१** | **सवारी साधन जीप /कार/ वस, ट्रक र टयाक्टर (इन्धन र मर्मत खर्च वाहेक)** | | |
| | क | भाडामा लिएकोमा | |
| | | पेट्रोलबाट चल्ने सवारी साधन | ७५० |
| | | डिजेलबाट चल्ने सवारी साधन | १२७५ |
| | ख | आफ्नो निजी प्रयोग गरे वापत कट्टा गरिने रकम | |
| | | पेट्रोलवाट चल्ने | ५०० |
| | | डिजेलवाट चल्ने | १००० |
| **२** | **अन्य सवारी साधन (इन्धन र मर्मत खर्च वाहेक)** | | |
| | क | मोटर साइकल भाडामा लिएकोमा | २०० |
| | | आफनो निजी प्रयोग गरेवापत कट्टा गरिने रकम | १५० |
| | ख | अटोरिक्सा | |
| | | भाडामा लिएको भएमा | ३५० |
| | | आफनो निजी प्रयोग गरेवापत कट्टा गरिने रकम | २५० |
| | ग | रिक्सा भाडामा लिएको भएमा | १५० |
| | | आफनो निजी भएमा कट्टा गरिने | १०० |
| | घ | घोडा (दाना वाहेक) | |
| | | भाडामा लिएकोमा | ६२५ |
| | | निजी प्रयोग गरे वापत कट्टा गरिने रकम | ५५० |
| **३** | **लाउडस्पीकर** | | |
| | क | भाडामा लिएकोमा | २२५ |
| | | आफ्नो निजी प्रयोग भए वापत कट्टा गरिने रकम | १२५ |
| | ख | हयाण्ड स्पीकर, मेगाफोन | |
| | | भाडामा लिएकोमा | ७५ |
| | | आफ्नो निजीप्रयोग गरे वापत कट्टा रकम | ५० |

आज्ञाले,
हिरण्यलाल रेग्मी
निर्वाचन आयोगको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

६३८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार